# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, फल्गुण १९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४९

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन, नं. ६

## मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०८१

**प्रस्तावना:** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७५ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **दफा २ मा संशोधनः** (१) मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) मा रहेको "...अधिकार प्राप्त अन्य अदालत..." भन्ने शब्दहरू को सट्टा "...अधिकार प्राप्त अन्य न्यायिक वा अर्धन्यायिक निकाय..." भन्ने शब्दहरू राखिएको छ।

(२) मूल ऐनको दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "**कार्यालय**" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश सम्झनुपर्छ।"

(३) मूल ऐनको दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "**न्यायाधिवक्ता**" भन्नाले संविधानको धारा १६० को उपधारा (६) बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट कार्यालयमा व्यवस्थापन भएका सह न्यायाधिवक्ता, उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ता सम्झनुपर्छ र सो शब्दले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

न्यायाधिवक्ता भई काम गर्न तोकेको अन्य कुनै कर्मचारी समेतलाई जनाउँछ।"

(४) मूल ऐनको दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "**प्रदेश**" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।"

३. <u>दफा ३ मा संशोधनः</u> मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. <u>कार्यालय तथा कर्मचारीः</u> (१) प्रदेशको राजधानी रहेको स्थानमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहनेछ।

(२) कार्यालयको सङ्गठन संरचना एवम् दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) प्रदेश सरकारले आवश्यकता बमोजिम अन्य स्थानमा मुख्य न्यायाधिवक्ताको सम्पर्क कार्यालय स्थापना गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालय तथा कानून बमोजिम प्रदेश सरकारबाट स्वीकृत संरचना अनुरुप खटिएका कर्मचारी रहनेछन्।

(५) कार्यालयको उपन्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको प्रत्यक्ष निर्देशनमा रही कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

४. <u>दफा ४ मा संशोधनः</u> (१) मूल ऐनको दफा ४ को उपदफा (१) मा रहेको "र (७)" भन्ने शब्दहरू झिकिएका छन्।

(२) मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट कुनै अदालतमा उपस्थित भई प्रतिरक्षा गर्ने/गराउने,

(ख) प्रदेश सरकार वा मातहतका निकाय वा कार्यालयका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न वा गराउन प्रदेश सरकार वा मातहतका निकाय वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने/गराउने,"

(३) मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(४) मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रदेश सरकार र अन्तर्गतका निकाय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतमा स्तर कायम गर्न प्रदेश सरकार र मातहतका निकाय वा कार्यालय बीच आवश्यक समन्वय गर्ने।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(५) मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) प्रदेशभित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरू उपर मानवोचित व्यवहार भए नभएको विषयमा मुख्यमन्त्री समक्ष प्रतिवेदन पेस गर्ने।"

(६) मूल ऐनको दफा ४ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) प्रदेश सरकार बादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरीका वा विधि अपनाउनु पर्ने वा अनुसन्धानका सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा त्यस्तो अनुसन्धान तहकिकात गर्ने अधिकारीलाई वा विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ।"

(७) मूल ऐनको दफा ४ को उपदफा (८) र (९) को सट्टा देहायको उपदफा (८) र (९) राखिएको छः-

"(८) कुनै गम्भीर वा सार्वजनिक महत्त्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त मुख्य न्यायाधिवक्ताले अन्य कानून व्यवसायीलाई सेवा करारमा खटाउन सक्नेछ।

तर त्यसरी अन्य कानून व्यवसायीलाई खटाउँदा सोको औचित्य पुष्टी गरी कारण उल्लेख गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम खटिएका कानून व्यवसायीको पारिश्रमिक तथा सुविधा र सेवाका अन्य सर्त सम्बन्धमा कार्यालयको स्वीकृत बजेट र कार्यक्रम तथा प्रचलित कानूनको अधीनमा रही मुख्य न्यायाधिवक्ताले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

तर त्यस्तो कार्यविधि स्वीकृत गर्नु पूर्व प्रदेश सरकारको कानून विषय र आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(८) मूल ऐनको दफा ४ को उपदफा (१०) झिकिएको छ।

५. <u>मूल ऐनको दफा ५ पछि दफा ५क. थपः</u> मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"५क. <u>बहस पैरवी वा प्रतिरक्षाका लागि लेखी पठाउनु पर्नेः</u> (१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा मातहतको निकाय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा सम्बन्धित निकायले कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकायले लेखी पठाउँदा आफ्नो तर्फबाट अदालतमा पेस गर्नु पर्ने निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदनपत्रका साथै कार्यालयबाट माग भएका मुद्दासँग सम्बन्धित अन्य कागजात वा विवरण समेत संलग्न गरी पठाउनु पर्नेछ।"

६. <u>दफा ७ मा संशोधनः</u> (१) मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (घ) मा रहेको "...सो सबै..." भन्ने शब्दहरूको सट्टा "...त्यस्तो..." भन्ने शब्द राखिएको छ।

(२) मूल ऐनको दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-

"(३) उपदफा (२) बमोजिमको प्रकृया पुरा नभई राय माग भएको सम्बन्धमा मुख्य न्यायाधिवक्ताले कारण समेत उल्लेख गरी सम्बन्धित निकायमा प्रकृया पुरा गर्न फिर्ता पठाउन सक्नेछ।"

७. <u>दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (२) मा रहेको "...मात्र आधार लिई..." भन्ने शब्दहरूको पछि "...त्यस्तो बहस पैरवी गर्ने..." भन्ने शब्दहरू राखिएका छन्।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

८. <u>दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>सरुवा गर्ने अधिकारः</u> प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरे बमोजिम प्रदेशभित्रका कार्यालय र मातहतका सम्पर्क कार्यालयमा कार्यरत न्यायाधिवक्ता र अन्य कर्मचारीको सरुवा गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुनेछ।"

९. <u>दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. <u>कारबाहीको लागि लेखी पठाउनेः</u> (१) महान्यायाधिवक्ताको कार्यालयबाट कार्यालयमा खटिएका न्यायाधिवक्ता, सरकारी वकील र अन्य कर्मचारीलाई विभागीय कारवाही गर्नुपर्ने अवस्था देखिएमा सोको पर्याप्त आधार र कारण उल्लेख गरी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) प्रदेश सरकार मातहतको कुनै कर्मचारीले प्रदेश सरकारको हकहीत र सरोकार रहेको मुद्दामा कुनै अधिकारीले लापरवाही वा बदनियत साथ काम गरेको वा संलग्न वा उल्लेख गर्नुपर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा सर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि प्रदेश सरकारको सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।"

१०. <u>दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"१२. <u>प्रतिवेदन पेस गर्नु पर्नेः</u> (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यालयबाट सम्पादित काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रमुख समक्ष पेसभएको वार्षिक प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलव्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पेसगरिने वार्षिक प्रतिवेदनमा आफ्नो कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य सिफारिस तथा सुझाव समेतका विषय उल्लेख गर्नु पर्नेछ।"

११. <u>दफा १३ मा संशोधनः</u> (१) मूल ऐनको दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) मुख्य न्यायाधिवक्तालाई नियुक्ती भएको मितिदेखि उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाउने सरहको पारिश्रमिक र अन्य सेवा सुविधा अनुसूची-१ मा उल्लेख भए बमोजिम उपलब्ध गराइने छ।

तर मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशले पाए सरह निवृत्तभरण र उपदान भने पाउने छैन।"

(२) मूल ऐनको दफा १३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) मुख्य न्यायाधिवक्ताको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ।"

(३) मूल ऐनको दफा १३ को उपदफा (२), (३), (४) र (५) को सट्टा देहायको उपदफा (२), (३), (४) र (५) राखिएको छः-

"(२) कार्यालयको विनियोजित बजेट शिर्षकबाट नियमित मर्मत सम्भार हुने गरी मुख्य न्यायाधिवक्तालाई ड्राइभर सहितको मोटर एक उपलब्ध गराइनेछ।

(३) अनुसूची-१ बमोजिम उपलब्ध गराइने इन्धन र मोबिलको बील भरपाई मुख्य न्यायाधिवक्ताले पेस गर्नुपर्ने छैन।

(४) मुख्य न्यायाधिवक्ताले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा वा निजको मृत्यु भएमा वा कुनै कारणबाट निज आफ्नो पदबाट पदमुक्त भएमा निजलाई आफ्नो पदमा वहाल रहेको दिनसम्मको पारिश्रमिकका अतिरिक्त प्रत्येक वर्षको लागि एक महिनाको दरले हुन आउने थप पारिश्रमिक दिइनेछ।

तर त्यस्तो रकम उपलब्ध गराउँदा निजको सेवा अवधि कम्तिमा एक वर्ष पुगेको हुनु पर्नेछ।

(५) मुख्य न्यायाधिवक्तालाई आवासको निमित्त कार्यालयले सरकारी घरको बन्दोबस्त गर्नेछ। आवासका लागि त्यस्तो सरकारी घरको बन्दोबस्त नभएमा वा आफ्नो उपयुक्त घर नभई भाडामा लिनु परेमा निजलाई घरभाडा बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।"

(४) मूल ऐनको दफा १३ को उपदफा (५) पछि देहायको उपदफा (५क), (५ख), (५ग), (५घ), (५ङ), (५च), (५छ) र (५ज) थपिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"(५क) उपदफा (५) बमोजिम मुख्य न्यायाधिवक्तालाई आवासको निमित्त उपलब्ध गराइएको सरकारी घरको मर्मतसंभार कार्यालयले गर्नेछ।

(५ख) आफ्नो घरमा बस्ने मुख्य न्यायाधिवक्तालाई घर सफाई तथा मर्मतको लागि अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(५ग) मुख्य न्यायाधिवक्तालाई कार्यालयले सिम सहितको एक थान मोवाइल उपलब्ध गराउनुका साथै सरकारी आवासमा इन्टरनेट, खानेपानीको धारा र बिजुली जडान गर्नेछ।

(५घ) उपदफा (५ग) बमोजिम उपलब्ध गराइएको मोवाइलको रिचार्ज तथा सरकारी आवासमा जडान गरिएको इन्टरनेट, बिजुली र खानेपानीको महशुल बापत मुख्य न्यायाधिवक्तालाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(५ङ) उपदफा (५घ) बमोजिमको सुविधा आफ्नो घरमा बसोबास गर्ने मुख्य न्यायाधिवक्ताले पनि पाउनेछ।

(५च) मुख्य न्यायाधिवक्तालाई प्रत्येक वर्षको चैत्र मसान्तमा पोशाक भत्ता वापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(५छ) मुख्य न्यायाधिवक्तालाई प्रत्येक वर्ष आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(५ज) मुख्य न्यायाधिवक्ताले आफू पदमा बहाल रहेसम्म आफ्नो निवासमा सहयोगीको कार्य गर्नका लागि एक जना आधारभूत तह प्रथम स्तर सरहको कार्यालय सहयोगी भर्ना गर्न पाउनेछ र त्यस्तो कार्यालय सहयोगीको मासिक पारिश्रमिक कार्यालयले निजको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(५) मूल ऐनको दफा १३ को उपदफा (६) र (७) को सट्टा देहायको उपदफा (६) र (७) राखिएको छः-

"(६) मुख्य न्यायाधिवक्ता पदीय कामको सिलसिलामा दुर्घटनामा परी अङ्गभङ्ग भई चोटपटक लागी आफ्नो पदको काम गर्नको लागि अशक्त भएमा वा अन्य कडा रोग लागेको अवस्थामा उच्च अदालतको न्यायाधीशले पाए सरह उपचार खर्च तथा आर्थिक सहायता प्रदेश सरकारले दिन सक्नेछ।

(७) उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७४ संशोधन भएमा यस ऐनको अनुसूची-१ बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकारले हेरफेर वा थपघट गर्न सक्नेछ।"

१२. **<u>मूल ऐनको दफा १३ पछि दफा १३क. थपः</u>** मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. **<u>दैनिक तथा भ्रमण भत्ताः</u>** (१) मुख्य न्यायाधिवक्ताले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा तथा नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम सरकारी कामको सिलसिलामा विदेशी मुलुकको भ्रमण गर्दा खाना र बस्नको व्यवस्था आफैंले गर्नुपर्ने भएमा भ्रमण खर्च सम्बन्धी प्रचलित कानूनको अधिनमा रही अनुसूची-१ मा उल्लेख भएको दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

(२) मुख्य न्यायाधिवक्ताले प्रदेशभित्र भ्रमण गर्दा मुख्यमन्त्रीलाई जानकारी गराई सात दिनसम्मको आफ्नो भ्रमण आदेश आफैं स्वीकृत गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) मुख्य न्यायाधिवक्ताले प्रदेश बाहिर भ्रमण गर्नु परेमा मुख्यमन्त्रीबाट भ्रमण आदेश स्वीकृत गर्नु पर्नेछ।

(४) मुख्य न्यायाधिवक्ताको बैदेशिक भ्रमणको स्वीकृति प्रचलित कानून बमोजिम हुनेछ।"

१३. <u>दफा १४ मा संशोधनः</u> (१) मूल ऐनको दफा १४ को उपदफा (१), (२), (३) र (४) को सट्टा देहायको उपदफा (१), (२), (३) र (४) राखिएको छः-

"(१) मुख्य न्यायाधिवक्ताले उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७४ को दफा २१, २२, २३, २४, २५, २६ र २७ मा उल्लेख भए बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको बिदा पाउनेछ।

(२) मुख्य न्यायाधिवक्ताले मुख्यमन्त्री र आफ्नो कार्यालयमा मौखिक जानकारी दिई भैपरी आउने बिदा र पर्व बिदा आफैं स्वीकृत गर्न सक्नेछ।

(३) मुख्य न्यायाधिवक्ताले उपदफा (२) बमोजिमको भैपरी आउने बिदा र पर्व बिदा बाहेकका अन्य बिदाको स्वीकृति मुख्यमन्त्रीबाट लिनु पर्नेछ।

(४) मुख्य न्यायाधिवक्ताले एकैपटक तीन दिनभन्दा बढि उपदफा (२) बमोजिमको भैपरी आउने बिदा र पर्व बिदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ।"

(२) मूल ऐनको दफा १४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७४ को दफा २२ बमोजिमको घर बिदा र दफा २३

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

बमोजिमको बिरामी बिदा सञ्चित रहेमा सोही दफामा भएको कानूनी व्यवस्था बमोजिम सञ्चित घर बिदा र बिरामी बिदा बापतको रकम मुख्य न्यायाधिवक्ता सेवाबाट निवृत्त भएपछि पाउनेछ।”

१४. <u>**दफा १५ मा संशोधनः**</u> मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

“१५. <u>**क्षेत्राधिकारः**</u> सङ्घीय सरकार र प्रदेश सरकार तथा प्रदेश सरकारको स्वार्थ निहित भएको एवम् प्रदेश सरकार पक्ष वा विपक्ष भएको कुनै विवाद उत्पन्न भई त्यस्तो मुद्दामा कानूनी उपचारको लागि आवश्यक जुनसुकै कार्य गर्न बहस पैरवी गर्नु परेमा वा प्रतिरक्षा गर्नु परेमा कार्यालयका न्यायाधिवक्ताले प्रदेश सरकारको तर्फबाट स्वतन्त्र ढङ्गले कुनै अदालतमा उपस्थित भई प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्न सक्नेछ।

तर महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका न्यायाधिवक्ताले सङ्घीय सरकारको तर्फबाट बहस पैरबी गर्न निर्देशन पाएमा त्यस्तो अधिकारीलाई मुख्य न्यायाधिवक्ताले सो विषयको मुद्दामा कुनै सल्लाह सुझाव वा निर्देशन दिने छैन।”

१५. <u>**दफा १८ मा संशोधनः**</u> मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

“१८. <u>**आचार संहिता सम्बन्धी व्यवस्थाः**</u> मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता तथा कार्यालयका कर्मचारी र दफा ४ को उपदफा (८) बमोजिम सेवा करारमा नियुक्त कानून व्यवसायीले पालना गर्नुपर्ने आचार संहिता तोकिए बमोजिम हुनेछ।”

१६. <u>दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. <u>खारेजी र बचाउः</u> (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि मुख्य न्यायाधिवक्ताको नाममा प्रचलित कानून बमोजिम भएका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

(२) मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धी नियमावली, २०७८ को नियम ८ खारेज गरिएको छ।

(३) उपदफा (२) बमोजिम खारेज गरिएको नियम बमोजिम भए गरेका कामहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।"

१७. <u>अनुसूचीमा संशोधनः</u> (१) मूल ऐनको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"अनुसूची-१

(दफा १३ को उपदफा (१), (२), (५), (५घ), (५च), (५छ) र (७) सँग सम्बन्धित)

मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.सं. | सुविधाको प्रकार | ईकाई | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ७६,९००।- |
| २ | विशेष भत्ता | प्रति महिना रु. | १०००।- |
| ३ | आवास सुविधा | प्रति महिना रु. | १७,९५०।- |
| ४ | आफ्नो घरमा बस्ने मुख्य न्यायाधिवक्तालाई घर सफाई तथा मर्मत सुविधा | प्रति महिना रु. | ८,९७५।- |
| ५ | बिजुली, धारा, टेलिफोन | प्रति महिना रु. | २,५००।- |
| ६ | सवारी इन्धन | प्रति महिना लि. | १५० |
| ७ | मोबिल | त्रैमासिक लि. | ७ |
| ८ | पोशाक भत्ता | वार्षिक रु. | १०,०००।- |
| ९ | चाडपर्व खर्च | वार्षिक | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| १० | दैनिक भ्रमण भत्ता (नेपाल भित्र) | प्रतिदिन रु. | २०००।- |
| ११ | दैनिक भ्रमण भत्ता (नेपाल बाहिर) | प्रति दिन अमेरीकी डलर | १७५ |
| १२ | यात्रा बिमा | - | २ लाख |
| अन्य सुविधा | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| १३ | स्वकीय सचिव | एक | सहायकस्तर पाँचौ तह सरह। |

प्रमाणीकरण मितिः- २०८१/११/१९

आज्ञाले,
कमल बहादुर थापा
नि. प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**